# अर्जुनचौपारी गाउँपालिका अध्यक्ष श्री प्रकाश तिवारीज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

## अर्जुनचौपारी गाउँपालिका

२०८३ असार ५

Scanned with OKEN Scanner

## अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनमा सरकार प्रमुख श्री प्रकाश तिवारीज्यू द्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

गाउँसभामा प्रस्तुत मिति: २०८३/०३/०५

**गाउँसभाका समर्पित सदस्यवृन्द, कर्मठ राष्ट्रसेवक कर्मचारीहरु एवम् उपस्थित महानुभावहरु,**

विकासको नाममा गाउँलाई सहर बनाउने होइन
गाउँलाई यति उत्कृष्ट र मौलिक बनाउने हो कि
सहर आफैं गाउँको अगाडि फिक्का लागोस्।

**गाउँसभाका सदस्यवृन्द,**

अर्जुनचौपारी गाउँपालिकाको गरिमामय १९ औं गाउँ सभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण महानुभावलाई प्रथमतः स्वागत गर्न चाहन्छु। पटक-पटक राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रताका लागि ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, Gen Z आन्दोलन र अनेकौं ऐतिहासिक कालखण्डका संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सम्पूर्ण शहीदहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते, बेपत्ता र अपाङ्गता भएका हर एक सेनानी तथा शहीद परिवारप्रति उच्चतम सम्मान प्रकट गर्दछु।

प्रत्येक अर्जुनचौपारी गाउँपालिकावासीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउनः जनतामा पालिकाप्रति थप आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता वढाउन, सुशासन प्रवर्द्धन गर्न, दण्दहीनता अन्त्य एवम् संघीयता, लोकतन्त्र, समावेशिता र सामाजिक न्यायका लागि प्राप्त उपलब्धिहरूको संरक्षण र संस्थागत विकासप्रति हामी अविचल प्रतिवद्ध छौं, सधैं रहनेछौं।

भौतिक पूर्वाधारको दौडमा आफ्नो मौलिक पहिचान गुमाउनु हुँदैन। यही मूल मर्मलाई आत्मसात् गर्दै, यस वर्ष हामी सनातन संस्कृतिको जगमा आत्मानिर्भर र समृद्ध अर्जुनचौपारी निर्माण गर्ने मुख्य नीति लिएका छौं।

Scanned with OKEN Scanner

गाउँसभाका सदस्यवृन्द,

१. अर्जुनचौपारी गाउँपालिकावासीहरूले अनुमोदन गरेको कार्यकालको चौथो वर्ष सफलतापूर्वक पूरा गरी पाँचौं वर्षमा प्रवेश गर्दा, पालिकावासीहरूले दिएको जनादेश अनुसार विकास, सेवा प्रवाह तथा शासकीय प्रवन्धमा आमूल परिवर्तन भएको सकारात्मक पृष्ठपोषण पाइरहेका छौं। अर्जुनचौपारी गाउँपालिकाको गर्विलो भविष्य निर्माणका लागि खदिँलो जग तयार पारिएको छ। "प्रजासुखे सुखं राज्ञः, प्रजानां च हिते हितम्" अर्थात् जनताको सुखमै समृद्धि, जनताको हितमै विकास भन्ने यस शाश्वत राज्यधर्मको मूल सिद्धान्तलाई आत्मसात गर्दै अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति, योजना तथा कार्यक्रम वैदिक सनातन संस्कृति, कल्याणकारी राज्य, सुशासन, समाजिक न्याय, दिगो समृद्धिलाई केन्द्रबिन्दुमा राखि तर्जुमा गरेको छु ।

२. बाटो खन्नु मात्र विकास होइन, विचार बदल्नु पनि विकास हो; भौतिकतासँगै चेतना र संस्कृति ब्युँताउनु नै असली निकास हो" भन्ने विचारलाई आत्मसात् गर्दै हामी आफ्नै मौलिकता र पहिचानमा आधारित आधुनिक विकासको मार्ग अवलम्वन गर्नेछौं। हातमा प्रविधि, मनमा संस्कृति, इतिहासप्रति सम्मान, नागरिकप्रति उत्तरदायित्व र भावी पुस्ताप्रति दायित्वबोधसहित जनताको जीवनस्तर उकास्दै स्वाभिमानी र आत्मनिर्भर समाज निर्माण गर्नु नै हाम्रो विकासको मूल नीती रहने छ।

गाउँसभाका सदस्यवृन्द,

३. विगतको कमजोर अवस्थाबाट पछिल्ला चार वर्षमा गाउँपालिकाले अवलम्बन गरेको नीतिगत स्पष्टता, सुशासनप्रतिको प्रतिवद्धता, जनमुखी सेवा प्रवाह तथा संस्थागत सुदृढीकरणको मार्गचित्रले स्थानीय कार्यसम्पादनमा नयाँ मानक स्थापित गरेको छ। दृढ संकल्प, अथक सामूहिक प्रयास र आपसी सहकार्यको प्रतिफलस्वरूप स्थानीय तह संस्थागत क्षमता स्व मुल्यांकन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) जस्ता राष्ट्रिय मापदण्डहरूमा हासिल भएको यो अभुतपूर्व उपलब्धिले गाउँपालिकालाई स्याङ्जा जिल्ला र गण्डकी प्रदेशमै अग्रणी बनाउनुका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट देशकै सर्वोत्कृष्ट पालिकाहरु मध्ये पुरस्कृत भएका छौं ।

४. "हामी प्रष्ट छौं नागरिकलाई समृद्धिको खोक्रो गफ सुनाएर विभिन्न बहानामा करको भार थुपार्ने पश्चगामी खेल हामीबाट कहिल्यै हुने छैन"। शिक्षा, स्वास्थ्य र बिजुली जस्ता आधारभूत मौलिक हकमाथि कर असुलेर विकासको दावी गर्नु नागरिकमाथिको चरम अन्याय हो। हामीले करको दर बढाएर नागरिकलाई भार थप्ने होइन, कर प्रणालीलाई पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउने नवप्रवर्तनकारी कदम अवलम्वन गरेका छौं, जसको परिणामस्वरूप स्थानीय उठ्ती संकलनमा सय कडा ३२३ को ऐतिहासिक तथा अभूतपूर्व वृद्धि हासिल गर्न सफल भएका छौ।

५. हामी स्वयं केही हैनौं भन्ने आत्ममूल्याङ्कन, अर्जुनचौपारी कहाँ छ? र अर्जुनचौपारी कमजोर छ भन्नेबाट उठाएर हामीले गुमनाम अर्जुनचौपारी गाउँपालिकामा आज मासिक रुपमा करिब ३० हजार पर्यटकहरूलाई स्वागत गरिरहेका छौं। नेपालकै पहिलो नवग्रह मन्दिरको निर्माण र अनुष्ठानबाट सुरु भएको यो यात्रा यत्तिमा मात्रै सिमित छैन। धार्मिक पर्यटक भित्रिँदा चलायमान भएको हाम्रो ग्रामिण अर्थतन्त्र, सिर्जना भएको रोजगारी र वृद्धि भएको हाम्रो पहिचान र सम्मान हाम्रा उपलब्धी हुन् ।

Scanned with OKEN Scanner

यसबाट हामी हर्षित त छौं तर यतिमै सन्तुष्ट भने छैनौं । हाम्रा जनताले दिएको साथले हामी विश्वस्त छौं, हामी यो भन्दा धेरै गर्नेछौं ।

**गाउँसभाका सदस्यवृन्द,**

६. **"नागरिकलाई टेवा, घरघरमा स्वास्थ्य सेवा "** जस्ता नागरिकमुखी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट उल्लेखनीय सुधार हासिल भएको छ। साथै, आँखा उपचार केन्द्र स्थापना गरी निरन्तर सेवा प्रवाह गर्दै आधारभूतदेखि विशेषज्ञ स्वास्थ्य सेवासम्म नागरिकको पहुँच विस्तार गरिएको छ। यस उपलब्धिलाई थप संस्थागत गर्दै आगामी दिनमा गुणस्तरीय, सहज र नागरिकले प्रत्यक्ष अनुभूति गर्ने स्वास्थ्य सेवाको सुनिश्चिततामा गाउँपालिका निरन्तर कटिबद्ध रहनेछ।

७. सीमित स्रोत साधन र जनशक्तिको उच्चतम उपयोग गर्दै न्यून लागतमा अधिकतम प्रतिफल हासिल गर्ने दूरदर्शी नीतिका कारण विगत चार वर्षको अवधिमा करिब ४३ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न गराई ग्रामीण क्षेत्रमा यातायातको सहज पहुँचको सुप्रवन्ध गरिएको छ। 'यदि व्यवस्थापन कुशल र इच्छाशक्ति दृढ छ भने साधन स्रोतको सीमितता बाधक बन्न सक्दैन' भन्ने यथार्थलाई यस उपलब्धिले व्यवहारमै प्रमाणित गरेको छ। सीमित बजेटका बीच हासिल भएको यो उपलब्धि गाउँपालिकाको कार्यकुशलता, पारदर्शिता र विकासप्रतिको दृढ प्रतिबद्धताको एक सशक्त दृष्टान्त हो।

८. हाम्रो कार्यकालको प्रारम्भबाट नै शिक्षा क्षेत्रमा हामीले व्यापक नवप्रवर्तन गरेका छौं । हामी संस्कार शिक्षामार्फत् विद्यार्थीहरूको जरा मजबुत बनाएका छौं, AI Based Learning Program ले भविष्यमा उडान भर्नका लागि पखेटा तयार गरिरहेका छौं र Change Makers Club मार्फत् परिवर्तनकारी नेतृत्व प्रदान गर्दै भविष्यका सक्षम, जिम्मेवार र दूरदर्शी नागरिकका रूपमा विकास गरिरहेका छौं। साथै सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पठन सीप विकास कार्यक्रम मार्फत विद्यार्थीहरूको सिकाइ क्षमतामा सुधार तथा आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हाम्रा विद्यार्थीहरूको उत्कृष्ट नतिजा र उनीहरूको परिवर्तित संस्कारले देखाइरहेको छ।

**गाउँसभाका सदस्यवृन्द,**

९. महिला सशक्तिकरणका क्षेत्रमा गाउँपालिकाले अघि सारेको **'आमा समूह मोडेल'** अहिले देशकै उत्कृष्ट मोडेलका रूपमा स्थापित भएको छ। यसै मोडेल र बीउ पूँजी कार्यक्रमका माध्यमबाट क्षमता विकास र आयआर्जनका अवसरहरू बढाउँदै महिलाहरूलाई आत्मनिर्भर बनाउन ठूलो मद्दत पुगेको छ। गाउँपालिकाले व्यक्ति केन्द्रित परिपाटी भन्दा पनि संस्थागत क्षमता र संरचना सवल बनाउने कुरालाई जोड दिएको छ। बलियो संस्थाबाट मात्रै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र जनविश्वासलाई लामो समयसम्म अक्षुण्ण राख्न सकिन्छ भन्ने कुरामा रत्तिभर पनि दुविधा छैन।

१०. विकासको पथ कहिल्यै सहज हुँदैन, केही स्वार्थ केन्द्रित र अवसरवादी तत्वहरूले अर्जुनचौपारीको यो उडानलाई वाधा पुऱ्याउने कुचेष्टा गरेतापनि सामूहिक संकल्प, अदम्य इच्छाशक्ति र अविरल परिश्रमले असम्भवलाई पनि सम्भव तुल्याएका छौं। अब म "जब उद्देश्य स्पष्ट हुन्छ, चुनौतीहरू पनि

Scanned with OKEN Scanner

अवसरमा बदलिन्छन् भन्ने आत्मविश्वासका साथ अर्जुनचौपारीका प्रत्येक नागरिकको हृदयमा रहेको संस्कार सहितको समुन्नत अर्जुनचौपारी निर्माणको मार्गचित्र प्रस्तुत गर्दछु।

गाउँसभाका सदस्यवृन्द,

११. अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ का नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन्।

क. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा र दिगो र सुरक्षित पूर्वाधार।

ख. धार्मिक, आरोग्य, शैक्षिक र खेल पर्यटन प्रवर्द्धनमार्फत आर्थिक समृद्धिको नयाँ आधार तयार गर्ने।

ग. परम्परागत ग्रामीण एकीकृत कृषि तथा पशुपालन प्रवर्द्धन।

घ. वैदिक संस्कृति र रैथाने ज्ञान संरक्षणमार्फत संस्कारयुक्त मौलिक समाज निर्माण।

ङ. प्राप्त उपलब्धीहरको संस्थागत आन्तरिकीकरण।

Scanned with OKEN Scanner

गाउँसभाका सदस्यवृन्द,

१२. "सर्वजन हिताय सर्वजन सुखाय" को सनातन मर्मलाई आत्मसात् गर्दै अर्जुनचौपारी गाउँपालिकाका समस्त नीति, योजना तथा कार्यक्रमहरु सुसंस्कृत, जनहित, सुशासन, सामाजिक न्याय र दिगो समृद्धिलाई केन्द्र बिन्दुमा राखी तर्जुमा गरिएको छ र कार्यान्वयन गरिनेछ।

१३. हाम्रो पहाडी भूगोल, मौजुदा जनशक्ति र परिस्थितिलाई नजरअन्दाज गरी ल्याइएको आधुनिकीकरण र व्यवसायीकरण (Commercialization) को भ्रमपूर्ण मोडललाई विस्थापित गरिनेछ। आधुनिकताका नाममा मानिसहरू श्रमविमुख भई अनुत्पादक बस्ने र बजारको आयातित वस्तुमा निर्भर हुने प्रवृत्तिको अन्त्य गरिनेछ। "श्रमको पुनरुत्थान, रैथाने उत्पादन" को नीति लिँदै विगतको परम्परागत आत्मनिर्भर निर्वाहमुखी अर्थतन्त्रलाई ब्युँताइनेछ। एक जना कमाउने अरु सबै रमाउने परिपाटीको अन्त्य गरिनेछ। बिहान उठेर श्रम गर्ने, आफ्नो उपभोगका लागि आफैं उत्पादन गर्ने रैथाने मेकानिजमलाई प्रोत्साहन गरिनेछ।

१४. **सीप, श्रम र कर्मको सम्मान, समतामूलक समाजको आधार"** भन्ने मान्यतालाई आत्मसात् गर्दै श्रमप्रतिको विभेदपूर्ण सोच तथा जातीय कुप्रथाको अन्त्य, श्रम संस्कृतिको प्रवर्द्धन र बाँझो जमिनको उत्पादनशील उपयोगलाई प्रोत्साहन गरिनेछ। कृषि, पशुपालन, लघुउद्यम लगायत उत्पादनशील क्षेत्रमा सक्रिय परिवारलाई ५० युनिटसम्म विद्युत् महसुल छुट, जग्गाको उठ्तीमा सहुलियत, स्वास्थ्य बिमा तथा बिउँ पूजी कार्यक्रम (IPO) मा विशेष प्राथमिकता तथा सहजीकरण लगायतका प्रोत्साहनात्मक सुविधाको व्यवस्था गरिनेछ। यसबाट श्रमको सम्मान, उत्पादन वृद्धि, सामाजिक न्याय तथा आत्मनिर्भर र समतामूलक समाज निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

१५. स्थानीय स्तरमा आरन सञ्चालन गर्ने, जुत्ता सिउने, कपडा बुन्ने तथा काठ र ढुङ्गामा कलात्मक बुट्टा कुँद्ने जस्ता परम्परागत कालिगढहरूको सीप र दक्षतालाई सूचीकृत गरी '**विश्वकर्मा श्रम बैंक** स्थापना गरिनेछ। कालिगढहरूको सम्मान, संरक्षण र प्रोत्साहनका लागि वर्षमा एक पटक '**शिल्प शिरोमणि** उपाधिसहित विशेष सम्मान प्रदान गरिनेछ। साथै, परम्परागत पेशालाई सहज बनाउन आवश्यक औजार तथा उपकरणहरू अनुदानमा उपलब्ध गराइनेछ।

गाउँसभाका सदस्यवृन्द,

१६. विद्यालय स्तरमा AI आधारित सिकाइ कार्यक्रमलाई निरन्तरता दिँदै प्रविधिमैत्री शिक्षाको विस्तार गरिनेछ। विद्यार्थीको सर्वाङ्गीण विकासका लागि प्रत्येक विद्यालयमा Talent Mentor र Sports Coordinator शिक्षकको व्यवस्था गरी अतिरिक्त क्रियाकलापहरू Change Makers Club मार्फत सञ्चालन गरिनेछ। शिक्षक क्षमता विकास, उत्प्रेरणा तथा विद्यालय शिक्षा सुधार अभियानलाई एकीकृत रूपमा अगाडि बढाइ शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

१७. बालबालिकाको भविष्य केवल परीक्षामा प्राप्त गरेको अङ्कले होइन, उनीहरूभित्र जागृत भएको संस्कारले निर्धारण गर्छ। यस विश्वासमा अडिएर पालिकाका सबै विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म **पञ्चमहायज्ञ (पितृयज्ञ, ब्रम्हयज्ञ, देवयज्ञ, भुतयज्ञ र अतिथीयज्ञ)** वैदिक सदाचार, योग र बुद्धका

Scanned with OKEN Scanner

पञ्चशील (अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह) मा आधारित संस्कार शिक्षा अनिवार्य रूपमा लागू गरिनेछ।

**गाउँसभाका सदस्यवृन्द,**

१८. नागरिकलाई उपचारमुखी होइन, स्वास्थ्यमुखी जीवनशैलीतर्फ उन्मुख गर्दै नसर्ने रोगको रोकथाम, रैथाने जडीबुटीको संरक्षण, सात्विक खानपान, योग ध्यान तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। विद्यार्थीहरूको मानसिक स्वास्थ्य सुदृढीकरणका लागि विद्यालयस्तरीय परामर्श सेवाको निरन्तरता दिँदै प्रत्येक विद्यालयमा साताको एक पटक १५ मिनेट विपश्यना वा आनापान ध्यान अभ्यास गराइनेछ। यसबाट एकाग्रता, आत्मअनुशासन तथा भावनात्मक सन्तुलनको विकास भई जिम्मेवार नागरिक निर्माणमा सहयोग पुग्ने विश्वास लिएको छु।

१९. स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा सेवा विस्तार गरिनेछ। स्थानीय स्तरमा स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित गर्ने अवधारणा अनुरूप **नागरिकलाई टेवा घर घरमा स्वास्थ्य सेवा** कार्यक्रमको दायरा विस्तार गरी मनोसामाजिक सहयोग सेवा लगाएतका अन्य सेवा समावेश गरिनेछ। साथै, विद्यालय स्वास्थ्य र पोषण कार्यक्रमको सेवा सुदृढीकरण तथा विस्तार गरी विद्यार्थीलाई गुणस्तरीय, सहज र पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

**गाउँसभाका सदस्यवृन्द,**

२०. गाउँपालिकाभित्र निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सार्वजनिक पूर्वाधारहरूको लगत तथा विवरणसहित व्यवस्थित अभिलेख राखिनेछ। पूर्वाधारहरूको गुणस्तर, सुरक्षा, उपयोगिता र दिगोपना सुनिश्चित गर्न वर्षको एक पटक **'पूर्वाधार अडिट' (Infrastructure Audit)** गरी प्राप्त निष्कर्षका आधारमा आवश्यक मर्मत सम्भार तथा व्यवस्थापनका कार्यहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

२१. स्थानीय रैथाने कला, संस्कृति तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै घरेलु उद्योग तथा सीपमूलक इलाम मार्फत आयआर्जनका अवसरहरू विस्तार गरिनेछ। धार्मिक पर्यटनको विकासमार्फत ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन **नवग्रह धार्मिक होमस्टे कार्यक्रम** सञ्चालन गरिनेछ। **नवग्रह मन्दिर** एवम् धार्मिक पर्यटनको दिगो व्यवस्थापन, आवश्यक पूर्वाधार विकास तथा व्यापक प्रचार-प्रसारका लागि प्रदेश सरकारसँग रणनीतिक साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

**गाउँसभाका सदस्यवृन्द,**

२२. आयुर्वेद शाखामार्फत स्थानीय जडीबुटीमा आधारित औषधि उत्पादन कार्यक्रमलाई निरन्तरता दिँदै गुणस्तर अभिवृद्धि, व्यावसायिक ब्राण्डिङ तथा प्रभावकारी प्रवर्द्धनमार्फत राष्ट्रिय बजारसम्म पहुँच विस्तार गरिनेछ। साथै, साउण्ड हिलिङ सेन्टरको विकास र विस्तार गरी प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा **आरोग्य पर्यटनलाई** संस्थागत रूप दिइनेछ।

Scanned with OKEN Scanner

२३. वडा नं . ५ थाप्ले स्थित 1907 एरिना क्रिकेट मैदानलाई **High Altitude Sports Tourism Hub**(हाई अल्टीटियुड स्पोट्स टुरिजम हब) को रूपमा विकास गरिनेछ। निर्माणाधीन क्रिकेट मैदानको कार्य सम्पन्न गरी **Franchise Based** क्लब क्रिकेट प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाइ अर्जुनचौपारीलाई खेलकुद गन्तव्यका रूपमा स्थापित गरिनेछ।

२४. गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूलाई एकीकृत रूपमा जोड्दै **Mathematical and Botanical Outdoor Learning Center**, नवग्रह मन्दिर, दरौं थाप्ले, डहरे देउराली, एकानन्द गुफा, रापाकोट कालिका तथा लामडाँडा होमस्टे, मन्दिरसम्म फैलिने गरी समन्वित पर्यटकीय पदमार्ग निर्माण गरिनेछ। उक्त मार्गलाई शैक्षिक, आध्यात्मिक तथा प्रकृतिमूलक अध्ययन अनुभवको केन्द्रका रूपमा विकास गर्दै विद्यार्थी, अनुसन्धानकर्ता तथा पर्यटकहरूका लागि आकर्षक गन्तव्यका रूपमा प्रवर्द्धन गरिनेछ।

**गाउँसभाका सदस्यवृन्द,**

२५. "कृषि र पशुपालन समृद्धिको आधार" भन्ने मान्यतालाई आत्मसात् गर्दै अर्जुनचौपारी गाउँपालिकाले बीउबिजन, सिँचाइ तथा प्राविधिक सेवाको विस्तारमार्फत कृषि उत्पादन वृद्धि गर्नेछ। रासायनिक मल तथा विषादीको प्रयोग घटाई प्राङ्गारिक तथा वातावरणमैत्री खेती प्रणाली, रैथाने बीउ, परम्परागत बाली एवम् प्रजाती संरक्षण मार्फत खाद्य सुरक्षा तथा सम्प्रभुता लाई प्रवर्द्धन गरिनेछ। नवग्रह कृषि फर्मलाई गुणस्तरीय बीउबिजन उत्पादनको केन्द्रको रुपमा विकास गरी कृषकहरुलाई तकावी कर्जाको वित्तिय अभ्यास शुरु गरिनेछ। साथै, पहाडे गाई संरक्षण लगायतका पशुसेवा सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिँदै एकीकृत, प्रभावकारी तथा परिणाममुखी रूपमा कार्यान्वयन गरिनेछ।

**गाउँसभाका सदस्यवृन्द,**

२६. विकास र बजारीकरणका नाममा हाम्रा गाउँहरु अब गाउँ जस्तै रहेनन्, जहाँको मौलिक मर्म अर्गानीक खानपान, आपसी भाइचारा, निःस्वार्थ सेवाभाव तथा सामूहिक बसाइँको संस्कृति क्रमशः लोप हुँदै गएको छ। पुराना लोकसंस्कृति, रोदी प्रथा, सामूहिक श्रम (पर्म र गुठी) तथा रैथाने मेला पर्वहरूको संरक्षण र पुनरुत्थान गरी **"गाउँलाई गाउँमै फर्काउने : मौलिक अर्जुनचौपारी अभियान"** सञ्चालन गरिनेछ।

२७. खानेपानीको गुणस्तर सुनिश्चित गर्न पानी परीक्षण शिविर सञ्चालन गरिनेछ। मुहान संरक्षण, भरणपोखरी निर्माण, चौतारी संरक्षण, सरसफाइ अभियान तथा वृक्षारोपण कार्यक्रमलाई समुदायको सहभागितामा सञ्चालन गरी स्वास्थ्य, सरसफाइ र वातावरण संरक्षणमा आधारित दिगो विकासलाई प्रवर्द्धन गरिनेछ। सुरक्षित खानेपानीको पहुँच शतप्रतिशत घरपरिवारसम्म विस्तार गरिनेछ।

२८. वन, वातावरण तथा जैविक विविधताको संरक्षण र दिगो उपयोगलाई प्रवर्द्धन गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, उद्धार, प्रतिकार्य र पुनःस्थापन क्षमताको अभिवृद्धि गरी सुरक्षित, उत्थानशील तथा सक्षम समुदाय निर्माणमा जोड दिइनेछ।

Scanned with OKEN Scanner

गाउँसभाका सदस्यवृन्द,

२९. सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारीको प्रवर्द्धन गर्दै सुरक्षित आप्रवासन परियोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। आप्रवासी कामदार तथा उनीहरूका परिवारलाई सूचना, परामर्श, सीप विकास तथा पुनःएकीकरण सेवामा पहुँच विस्तार गरी असुरक्षित आप्रवासनबाट उत्पन्न जोखिम न्यूनीकरण गरिनेछ। साथै, बालश्रम मुक्त पालिकाको पहिचानलाई आत्मसात् गर्दै शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ तथा सरोकारवालाहरूसँगको समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ।

३०. संस्थागत संरचना सुदृढीकरणका लागि पालिकाको प्रशासनिक, प्राविधिक तथा मानव संशाधन प्रणालीलाई सूचनामैत्री बनाउँदै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहीता तथा परिणाममुखी कार्यसम्पादन सुनिश्चित गर्न प्रशासनिक संरचना र कार्यहरुमा अनुत्पादक खर्चहरु कटौति गरी स्रोत र साधनको महत्तम प्रयोगलाई प्राथमिकता दिईनेछ। गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउँदै नागरिक मैत्री सेवाको सुनिश्चितता गरिनेछ।

Scanned with OKEN Scanner

गाउँसभाका सदस्यवृन्द,

यसपटकका हाम्रा नीति, योजना तथा कार्यक्रमहरू पृथक छन् । यीनले अर्जुनचौपारी गाउँ परिवेशको धरातल बुझेका छन्। यहाँको मौलिकता बुझेका छन्, यहाँको सुसंस्कृत संस्कार बुझेका छन् । र, यहि मौलिकताको जगमा बसेर हामी हाम्रै माटो सुहाउँदो विकासको मोडेलहरूलाई अनुसरण गर्नेछौं। हाम्रो भुगोल र माटो नसुहाउने आयातित विकासका मोडेलहरू हामीले अनुसरण गर्ने छैनौं । हामी आधुनिकता स्वीकाछौं तर आधुनिकताकै नाममा हुने श्रमविमुखता र अनुत्पादन निर्भरता निरुत्साहित गर्नेछौं । हाम्रा नागरिकको उत्पादनमुखी जीवनशैलीलाई प्रवर्धन गर्दै हामी नागरिकलाई नै विकासका संवाहक बनाउनेछौं । आत्मनिर्भर अर्जुनचौपारी अभियानको मार्गमा अगाडि बढ्नेछौं ।

आज हामी हाम्रो परिकल्पनाको अर्जुनचौपारीको गर्विलो भविष्य निर्माण अभियानको उत्तरार्धमा छौं। हाम्रो कार्यकालको हरेक वर्षहरूमा हामीले थुप्रै उपलब्धीहरू पनि प्राप्त गर्यौं । र यस वर्ष हामी अझ धेरै गर्नेछौं भन्ने विश्वास लिएका छौं । हाम्रा उत्तराधिकारी भोलि जो कोहि हुन्, हामी उनीहरूलाई शासन, विकास र सेवा प्रवाहका हरेक पाइलामा सहज बनाउने छौं, आवाजले होइन हाम्रो काम र नतिजाले।

अन्त्यमा, यस गरिमामय सभामा आफ्नो वहुमूल्य उपस्थिति जनाउनुभएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समस्त स्थानीयबासी, सरोकारवाला निकाय तथा सम्वन्धित पक्षहरूको रचनात्मक सहयोग, उत्साहपूर्ण सहभागिता र अटुट साथको अपेक्षा राख्दछु।

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*

धन्यवाद ।

जय नवग्रह ।।

जय अर्जुनचौपारी ।।।



Scanned with OKEN Scanner

गाउँपालिकाका समस्त नीति, योजना तथा कार्यक्रमहरू कृत्रिम आधुनिकताको पछाडि नलागी जनहित, सुशासन, सामाजिक न्याय र गाउँको मौलिक अस्तित्वको संरक्षणमा केन्द्रित रहनेछन्। प्रत्येक नागरिकलाई श्रमसँग जोड्दै सुखी, आत्मनिर्भर र गौरवशाली अर्जुनचौपारी निर्माण गर्ने संकल्पलाई व्यवहारमा उतारिनेछ।

हाम्रो पहाडी भूगोल, उपलब्ध जनशक्ति र स्थानीय परिस्थितिलाई ध्यानमा नराखी एकपक्षीय रूपमा आयातित विकास मोडेलहरूलाई अन्धाधुन्ध अनुसरण नगरी स्थानीय सन्दर्भअनुकूल विकास दृष्टिकोण अवलम्बन गरिनेछ। आधुनिकताको नाममा श्रमविमुखता र अनुत्पादक निर्भरता बढाउने प्रवृत्तिलाई निरुत्साहित गर्दै उत्पादनमुखी जीवनशैलीलाई प्रवर्द्धन गरिनेछ।

**"जनताको सुखमै समृद्धि, जनताको हितमै विकास"** भन्ने शाश्वत मान्यतालाई आत्मसात् गर्दै गाउँपालिकाका नीति, योजना तथा कार्यक्रमहरू जनहित, सुशासन, सामाजिक न्याय र दिगो समृद्धिलाई केन्द्रबिन्दुमा राखी कार्यान्वयन गरिनेछन्।

अन्त्यमा, यस गरिमामय सभामा आफ्नो बहुमूल्य उपस्थिति जनाउनुभएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समस्त स्थानीयबासी, सरोकारवाला निकाय तथा सम्बन्धित पक्षहरूको रचनात्मक सहयोग, उत्साहपूर्ण सहभागिता र अटुट साथको अपेक्षा राख्दछु।

धन्यवाद ।

जय नवग्रह ।।

जय अर्जुनचौपारी ।।।

Scanned with OKEN Scanner